**आ.व. २०८३।०८४ मिति: २०८३।४।४ गते, समय: १२:०० वजे विहान, बैठक संख्या: ०२**

## कार्यपालिकाको बैठकका निर्णयहरु

**प्रस्ताव नं. १:** अघिलो बैठकका निर्णयहरुको समिक्षा ।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो । कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने ।

**प्रस्ताव नं. २:** गत आवको भुक्तानी बांकी योजना तथा कार्यक्रम सम्बन्धमा ।

**निर्णय:** गत आव २०८२।०८३ को बार्षिक कार्यक्रममा रहेको योजना तथा कार्यक्रमहरु वित्तिय समानिकरण अनुदान कटौतिबाट बजेट अभावका कारण सम्झौता अनुसार भुक्तानी हुन बांकी रहेका योजना तथा कार्यक्रमहरु भुक्तानी बांकीको दायित्वको बजेटमा समावेश गरि भुक्तानी गर्ने ।

**प्रस्ताव नं. ३:** श्री कैलपाल प्राथमिक विधालय डोला मनानाको विधालय समायोजन सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिकाको वडा नं १ मा अवस्थित श्री कैलपाल प्राथमिक विधालय डोला मनाना,झर्तामा विधार्थी संख्या प्रारम्भिक बालविकास कक्षामा २ जना मात्र विधार्थी भर्ना भएकाले आवस्यक सहजिकरण गरि दिन भनि विधालयबाट च. नं. ३७, मिति २०८३।२।२६ को पत्रबाट लेखि आएकाले प्रचलित कानून अनुसार सम्पति र जनशक्ती सहित नजिक पर्ने विधालय श्री सहस्रलिंग माध्यामिक विधालय राई वडा नं १० मा समायोजन (गाभ्ने) गर्ने । साथै विधार्थी संख्या न्यून भएका अन्य विधालयहरुलाई शिक्षा (दशौं संशोधन) नियमावली, २०८३ अनुरुपको प्रकृया अगाडी बढाउने ।

**प्रस्ताव नं. ४:** गाउंपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३ सम्बन्धमा ।

**निर्णय:** श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारि भएको मापदण्ड अनुरुप सिमांकन गर्न सवै वडा र सरोकारवालासंग राय सुझाव माग गरि सम्बन्धित निकायमा पठाउने ।

**प्रस्ताव नं. ५:** श्री सरस्वति मावि फिन्निकोटमा प्रशासन/लेखा सहायक कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिकाको वडा नं ११ मा अवस्थित श्री सरस्वति मावि, फिन्निकोटमा प्रशासन/लेखा सहायक कामकाज गर्ने कर्मचारी नभई विधालयको दैनिक प्रशासनिक तथा आर्थिक कार्य गर्न कठिनाई हुन गएकाले एक जना कर्मचारीका लागि विधालयलाई अनुदान उपलब्ध गराउने ।

**प्रस्ताव नं. ६:** सेवा करारमा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिकाभा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८३।३।३२ गतेको निर्णयबाट प्राप्त निर्देशन विपरित नहुने गरि २०८३ पौष मसान्त सम्म म्याद थप गर्ने कार्यालयलाई सिफारिस गर्ने ।

**प्रस्ताव नं. ७:** उपचार खर्च सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिका वडा नं २ का वडा सदस्य श्री दान सिंह रैसाल बिमारी भई उपचार गर्न आर्थिक अवस्था कमजोर भएको भनि वडा कार्यालयबाट सिफारिस भै आएकोले विल भरपाई अनुसार रु ५० हजार उपचार खर्च उपलब्ध गराउने ।

२०८३।४।४

प्रमुख प्रशासकीय अधिकृत